# *वीरेन्द्रनगर नगरपालिका*
# *सुपरिवेक्षण तथा अनुगमन समितिको प्रतिवेदन*
# *२०७९ पौष*

**१, पृष्ठभूमी**

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ६.२.१ वमोजिम प्रत्येक गाउंपालिका वा नगरपालिकावाट संचालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि प्रत्येक पालिकामा  अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने र सो समितिले गरेका कामको प्रतिवेदन कार्यपालिकाको वैठकमा छल तथा फरफारकका लागि पेश गर्ने प्राब्धान भए बमोजिम चालू आ.व.२०७९/०८० मा २०७९ पौष २५ गते  सम्म यस समितिले गरेका योजनाको अनुगमन तथा सुपरिवेक्षणका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

**२, उद्धेश्यहरु**

- चालू आ.व. २०७९/०८० मा न.पा. द्धारा संचालित आयोजना तथा कार्यक्रमको अनुगमन गरि नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।
- आयोजना तथा कार्यक्रममा कार्यान्वयनमा देखिएका कमी कम्जोरिहरु सुधारका लागि नगरपालिकालाई सुझाव प्रदान गर्ने ।

**३, अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारी एवं अनुगमन टोलिका सदस्यहरु नामावलि**

संयोजक  श्री निलकण्ठ खनाल, उप प्रमुख वीरेन्द्रनगर नगरपालिका,सुर्खेत ।
सदस्य श्री नरहरी तिवारी, प्रमुख प्रशासकिय अधिकृत
सदस्य श्री धुर्वकुमार चपाई, वडा अध्यक्ष एवं कार्यपालिका सदस्य
सदस्य श्री लक्ष्मी चौधरी ,कार्यपालिका सदस्य
सदस्य सचिव श्री प्रकाश पौडेल, वरिष्ठ अधिकृत, योजना तथा बातावरण शाखा प्रमुख ।
आमन्त्रीत पुर्वाधार विज्ञ सदस्य श्री इश्वरी ढकाल इन्जिनियर, पूर्वाधार शाखा प्रमुख

**आमन्त्रीत एवं सहयोगी**

सम्वन्धित वडाका वडा अध्यक्षहरु
इन्जिनियर, हरि के सी
अधिकृत धन वहादुर केसी योजना तथा अनुगमन उप शाखा
असई श्री राजन तिवारी लगाएत सम्वन्धित योजनाका फिल्ड प्राविधिहरु

**४, अनुगमन तथा सुपरिवेक्षण विधि :**

- यस अनुगमन तथा सुपरिवेक्षण समितिले ५ लाख भन्दा वढी लागतका आयोजनाहरुकोको रनिङ विल, भूक्तानी गर्दा र अन्तिम विल भूक्तानी गर्दा स्थलगत अनुगमन गरि अनुगमनकाक्रममा देखिएको अवस्थाका आधारमा स्थलगत रुपमा सुझाव तथा निर्देशन दिने र विल भूक्तानीका लागि समितिको वैठक वसि कार्यालयमा सिफारिश गर्ने गरेको छ ।
- ५ लाख भन्दा कम लागत तथा अनुगमन समितिले विशेष जिम्मेवारी तोकिकाएका आयोजनाहरुको विल भूक्तानी भने वडा स्तरको अनुगमन समिति समितिको सिफरिशमा गर्ने गरिएको ।
- अनुगमन गर्दा अघिल्लो अनुगमन समितिले प्रयोग गर्दै आएको फर्मेटलाई प्रयोग गर्ने गरेको ।
- अनुगमन गर्दा आयोजना तथा कार्यक्रमको स्थलगत अनुगमन, साइड इन्चार्जवाट आवस्यक सूचना र अवस्थाको जानकारी, निर्माण ब्यवसायी तथा उपभोक्ता समितिका पदाधिकारीहरु संग अन्तरक्रिया गरेको ।
- अनुगमन पश्चात स्थालगत अनुगमन प्रतिवेदनमा छलफल गर्न समितिको वैठक वसि आयोजना कार्यान्वयन कर्तालाई लाई सुझाव तथा कार्यालयलाई भूक्तानीको लागि सिफरिश गर्ने गरेको ।
- यस समितिवाट देहायको मितिमा निम्नानुसारको संख्यामा आयोजनाहरुको स्थलगत अनुगमन गरि आयोजनाको स्थलगत अनुगमन प्रतिवेदन माथि छलफल गरीको छ ।

| **अनुगमन समितिको वैठक मिति** | **जम्मा वैठक संख्या** | **छलफल गरिएका आयोजनाको संख्या** |
|---|---|---|
| २०७९ भाद्र ८ गतेदेखि पौष २१ गते सम्म | ७ वटा | २१ वटा |

**५, अनुगमन गरिएको मिति, योजना तथा कार्यक्रमको अवस्था :**

**आयोजना तथा कार्यक्रमहरु** **रकम रु हजारमा**

| **क्र.सं.** | **आयोजनाको नाम, ठेगाना** | **आयोजनाको लागत अनुमान** | **नगरपालिवाट उपलब्ध हुने रकम** | **समितिले दिएका सुझाव एवं सिफरिश** | **फरफारक का लागि पेश भएको** |
|---|---|---|---|---|---|
| **अनुगमन/बैठक मितिः २०७९ आश्विन ६ गते** | | | | | |
| १ | ल्यानफिल साइट जाने सडक स्तरोन्नती गर्ने काम वडा नं. १ | ५०३.१६५ | ५०३.१६५ | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| २ | श्री हरिडिलभूमी स्कुलको तला थप गर्ने | ४०८५.२२२ | ३६०० | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |

| | | | | | |
|---|---|---|---|---|---|
| | काम वीरेन्द्रनगर ३, सुर्खेत | | | | |
| ३ | श्री हरिडिलभूमी स्कुलको पर्खाल निर्माण तला फर्निचर वीरेन्द्रनगर ३, सुर्खेत | १६६८.५८४ | १५०० | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| **अनुगमन/बैठक मितिः २०७९ आश्विन १२ गते** | | | | | |
| १ | देउतीबज्यै मन्दिर परिसरमा व्लक विच्छाउने तथा कम्पाउण्ड वाल निर्माण गर्ने काम वडा नं. १० | ८७९.६०५ | ८४५.८७९ | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| २ | वीरेन्द्रनगर वजार क्षेत्रमा रहेको CCTV क्यामेरा तथा तारहरु सार्ने काम वीरेन्द्रनगर ६, सुर्खेत | ५२८.३७२ | ५२८.३७२ | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| ३ | श्री सिद्ध बहिरा वालकको स्कुल तला थप गर्ने काम वीरेन्द्रनगर ८, सुर्खेत | ५६०७६३४ | ५००० | प्राविधिक विल बमोजिम पहिलो रनिङ्ग विल भूक्तानी दिने | |
| ४ | सामुदायिक गौशाला निर्माण गर्ने काम वडा नं. १० | ९९७५.१२२ | ८४७८.७५० | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| **अनुगमन/बैठक मितिः २०७९ मंसिर ९ गते** | | | | | |
| १ | श्री सिद्ध बहिरा वालकको स्कुल तला थप गर्ने काम वीरेन्द्रनगर ८, सुर्खेत | ५६०७६३४ | ५००० | प्राविधिक विल बमोजिम पहिलो रनिङ्ग विल भूक्तानी दिने | |
| २ | श्री ने रा आ वि फलाटे भवन निर्माण गर्ने काम वडा नं. २ | २२५६.०९८ | २००० | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| ३ | वीरेन्द्रनगर नगरपालिका भित्रका विभिन्न सडकको दायांबायां बृक्षारोपण गर्ने काम (साझेदारी) | ९९९.२६२ | ९९९.२६२ | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| **अनुगमन/बैठक मितिः २०७९ पौष १२ गते** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | राधाकृष्ण पन्दिर निर्माण, वडा नं. १० | | २५०० | प्राविधिक विल बमोजिम पहिलो रनिङ्ग विल भूक्तानी दिने | |
| २ | वडा कार्यालय भवन निर्माण, वडा नं. ६ | ७००० | ५९३१।८१८ | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| ३ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत शिव मा.वि. लाटिकोइली भवन निर्माण वडा नं. ९ | २०५५।५०५ | १८०० | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| ४ | भ्याली भित्रका बिभिन्न सडकमा ग्राभेल गर्ने काम वडा नं. ३, ४, ९ र १० | १९६०।९६६ | १०८१।९१३ | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| ५ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ने.रा.आ.वि. खजुरा भवन निर्माण | ४०७५।९४२ | ३६०० | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| **अनुगमन/बैठक मितिः २०७९ पौष १८ गते** | | | | | |
| १ | वडा कार्यालय भवन निर्माण गर्ने काम वडा नं. १६ | ३४३३.९७५ | २१९५.८९५ | भवनको बिममा केही कैफियत देखिएको हुंदा पूर्वाधार विकास शाखा प्रमुखको संयोजकत्वमा प्राविधिक टिमले अनुगमन तथा निरिक्षण गरी प्रतिवेदन पेश भएपश्चात पुन अर्को बैठकमा छलफल गर्ने | |
| २ | वडा स्थित संचालनमा आएका सम्पूर्ण सडक मर्मत सम्भार योजना वडा नं. १६ | | ७२० | वडा समितिको अनुगमन प्रतिबेदन, सिफारिस तथा प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | |
| ३ | खरिखोला ट्रस व्रिज निर्माण वीरेन्द्रनगर १६, सुर्खेत | | | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | |

| अनुगमन/बैठक मिति: २०७९ पौष २१ गते | | | | | |
|---|---|---|---|---|---|
| १ | शहरी स्वास्थ्य केन्द्र भवन निर्माण गर्ने काम वडा नं. १३ | २६९६।००० | १८९३।६२२ | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| २ | श्रीनगर टोल गैह्रीगाउंमा नाला निर्माण | ७१०।७१० | ६०० | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |
| ३ | सितलटोल पश्चिम ठाडो वाटो नाला निर्माण र दलित भवनको प्लाष्टर | ७७६।४३१ | ७०० | प्राविधिक विल बमोजिम अन्तिम विल भूक्तानी दिने | √ |

**५, आयोजना तथा कार्यान्वयनमा देखिएका समस्याहरु :**

- सवै चरणमा समितिले अनुगमन गर्न कठीन। प्राविधिकहरुको नियमित अनुगमनमा कमी।
- वडा स्तरीय अनुगमन समितिले ५ लाख भन्दा ठुला आयोजनालाई नियमित अनुगमन नभएको।
- वडाका सवै आयोजना एकै पटक संचालन नहुंदा अनुगमनमा कठीनाई।
- पूर्वाधार वाहेक अन्य क्षेत्रका आयोजनाहरु अनुगमनमा अनुगमन समिति संग समन्वय नहुंदा अनुगमन प्रतिवेदनमा सवै विषय समावेश गर्न कठीन भएको ।
- सवै आयोजनामा आयोजना सूचना वोर्ड टांस नभएको।
- अनुगमन टोलीका लागि सवारी साधन अप्रयाप्त भएको।

**४,सुझावहरु**

- वडा स्तरीय अनुगमन समितिले वडा भित्रका सवै आयोजना तथा कार्यक्रमहरुको कार्यतालिका वनाई नियमित गर्नु पर्ने र नगर स्तरीय अनुगमन समितिले समेत कम्तिमा २ पटक अनुगमन गर्ने ब्यवस्था मिलाउनु पर्ने।
- वडामा खटाइएको प्राविधिकले आयोजना स्थलमा पुगी कति पटक आयोजना हेर्ने तथा सुझाव दीएको हो सो को रेकर्ड आयोजना सम्झौता रजिष्टरमा राख्न लगाई सोको अनुगमन वडा तथा नगर स्तरीय समितिले गर्ने।
- उपभोक्ताहरुका लागि आयोजना संचालन तालिम संचालन गर्ने।
- पुर्वाधारका साथै अन्य क्षेत्रमा भएको गतिविधिमा समेत क्षेत्रगत विषयग समिति र नगर स्तरीय अनुगमन समितिवाट नियमित अनुगमन गराउने ब्यवस्था मिलाउनु पर्ने ।

- आयोजना संचालन सूचना वोर्ड कार्यक्रम सुरु हुंदाका वखतमा नै टांस गर्न लगाउने । सो कार्य लागत अनुगमानमा समेत राखी अनिवार्य गराउने ।

<u>प्रतिवेदन तयार कर्ता</u>
प्रकाश पौडेल, अधिकृत आठौ
योजना तथा वातावरण शाखा प्रमुख एवं
सदस्य सचिव

**<u>प्रतिवेदन पेश कर्ता</u>**
निलकण्ठ खनाल, उप प्रमुख
संयोजक

**मिति : २०७९ पौष २५ गते ।**